# व्यक्तिगत घटना दर्ता प्रमाणपत्र भर्ने विधि

१. मिति विक्रम सम्बतमा लेख्दा (साल–महिना–गते) YYYY-MM-DD ढाँचा प्रयोग गर्ने।
२. मिति इस्वी सम्बतमा लेख्दा (गते–महिना–साल) DD-MM-YYYY ढाँचा प्रयोग गर्ने।
३. नेपालको स्थायी ठेगाना लेख्दा (गाँउपालिका/नगरपालिका–वडा नं., जिल्ला, प्रदेश) लेख्ने। उदाहरणको लागि काठमाडौं महानगरपालिका–वडा नं ३, काठमाडौं, प्रदेश नं. ३
४. विदेशको स्थायी ठेगाना लेख्दा (देश, प्रोभिन्स/स्टेट, स्थानीय ठेगाना) लेख्ने।
५. परिचयपत्र नं.
    - क. नेपाली नागरिकता प्राप्त गरेको नेपाली नागरिक भएमा नागरिकता नं. लेख्ने।
    - ख. नागरिकता प्राप्त नगरेको नेपाली नागरिक भएमा जन्म दर्ता नं. लेख्ने।
    - ग. विदेशी नागरिक भएमा राहदानी नं. र जारी देश लेख्ने।
    - घ. भारतीय नागरिक भएमा राहदानी नं. वा भरात सरकारबाट जारी पहिचान खुल्ने सरकारी परिचयपत्र नं. लेख्ने।
    - ङ. भुटानी शरणार्थी भएमा शरणार्थी परिचयपत्र नं. लेख्ने।
    - च. तिब्बती शरणार्थी भएमा शरणार्थी परिचयपत्र नं. लेख्ने।
६. कार्यालयको छाप लगाउँदा प्रमाणपत्रमा तोकिएको स्थानमा मात्र लगाउने।
७. हस्ताक्षर गर्दा दैनिक कार्यालयमा प्रयोग गर्ने कुनै एक नेपाली वा अंग्रेजी हस्ताक्षरमात्र प्रयोग गर्ने।
८. विवाह दर्ता प्रमाणपत्रमा पति– पत्नीको ३५ X ३५ मि. मि. को रंगिन फोटा प्रयोग गर्ने।
९. स्थानीय पञ्जीकाधिकारीले पती–पत्नी दुबै जनाको फोटोमा पर्ने गरी हस्ताक्षर गर्ने र छाप लगाउने।
१०. अदालतको ठेगाना:
    - देश भित्रको: अदालत रहेको स्थायी ठेगाना (गाउँपालिका/नगरपालिका, जिल्ला, प्रदेश)
    - विदेशी भएमा: देश, Province/State, Local Address